# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल


पत्र सङ्ख्या: २०७८।०७९

मिति: २०७८।१०।२७

चलानी नं.: ६६५

श्री वडा कार्यालय (१-९)

भीरकोट नगरपालिका, स्याङ्जा ।

**विषय :** बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० मा रोजगारीमा आवद्ध हुन इच्छुक १८ देखी ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले **२०७८ फागुन ०१ गतेदेखि २०७८ फाल्गुण ३० गते सम्म** आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार फारम भर्नु/भराउनुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

- नागरिकता प्रमाणपत्रको फोटोकपी र पासपोर्ट साईजको एक प्रति फोटो
- शैक्षिक योग्यता, तालिम र कामको अनुभव सम्बन्धी कागजातहरु
- परिवारका सबै सदस्यहरुको विवरण (जन्ममिति, नागरिकता नम्बर, जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था, सामाजिक सुरक्षा भत्ता बुझेको/नबुझेको)
- आवश्यकता अनुसार विवाह दर्ता तथा बसाईंसराईं दर्ता प्रमाणपत्रको प्रतिलिपि
- बैङ्क खाता विवरण (उपलब्ध भए सम्म)

अपूर्ण विवरणहरु रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्टि नहुने र काममा संलग्न हुन नपाइने जानकारी गराइन्छ । आ.व. २०७८/०७९ मा फारम भरेका इच्छुक व्यक्तिहरुले पुनः फारम भर्नुपर्नेछ ।

*(पुनश्च : प्रत्येक बेरोजगार व्यक्तिले छुट्टाछुट्टै फारम भर्नुपर्नेछ । बेरोजगार दर्ताका लागि दिने निवेदन भीरकोट रोजगार सेवा केन्द्र र सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध छ । साथै www.pmep.gov.np र www.bheerkotmun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।)*

खुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत